त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०७९।१०।२७

## बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०७९/०८० मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुन: आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुन: आवेदनका लागि २०७९ फागुन ०२ गते बिहान १०:०० बजे देखि ३:०० बजे सम्म Online Application Form भर्ने व्यवस्था गरिएकाले Online Form भर्न सकिनेछ । यो फाराम यस क्याम्पसको भर्नाको Website: admission.pcampus.edu.np मा उपलब्ध हुनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।
- फाराम भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ । आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ । उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खातामा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु. ५००।- लाग्नेछ ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७९ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुन: आवेदन दिन सक्नेछन्:

  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।
  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  **घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु ।**

- **हाल रिक्त सिट संख्या**

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Civil Engineering Full Fee (2) | ० | १ | १ |
| २. | Electrical Engineering Full Fee (6) | ३ | ० | ३ |
| ३. | Aerospace Engineering Full Fee (28) | २ | ० | २ |
| ४. | Chemical Engineering Full Fee (30) | १ | ० | १ |
| | जम्मा | ६ | १ | ७ |

**हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।**

- भर्ना भइसकेका आवदेकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ ।

  o **भर्ना भइसकेका आवेदकहरु अर्को कार्यक्रममा सर्न सक्ने र भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गर्न सक्ने भएकोले आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।**

- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सातौं सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा आठौं, नवौं सूची प्रकाशन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ ।

| भर्ना कार्यक्रम | मिति र समय |
|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम (Online Application Form) भर्ने | २०७९ फागुन ०२ गते विहान १०:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म । |
| २) प्राथमिकतामा थपघट वा संशोधन | २०७९ फागुन ०३ गते विहान ११:०० बजे देखि १२:०० बजेसम्म |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०७९ फागुन ०३ गते अपरान्ह १:०० बजे । |
| ४) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०७९ फागुन ०३ गते अपरान्ह ६:०० बजे । |
| ५) सातौं सूची प्रकाशन | २०७९ फागुन ०४ गते विहान १०:०० बजे । |
| ६) सातौं सूची उपर दावि विरोध | २०७९ फागुन ०४ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ७) सशोधित सातौं सूची प्रकाशन | २०७९ फागुन ०४ गते अपरान्ह ५:०० बजे । |
| ८) सातौं सूचीको भर्ना | २०७९ फागुन ०५ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ९) आठौं सूची प्रकाशन | २०७९ फागुन ०७ गते विहान १०:०० बजे । |
| १०) आठौं सूची उपर दावि विरोध | २०७९ फागुन ०७ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ११) संशोधित आठौं सूची प्रकाशन | २०७९ फागुन ०७ गते अपरान्ह ५:०० बजे । |
| १२) आठौं सूचीको भर्ना | २०७९ फागुन ०८ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १३) नवौं सूची प्रकाशन | २०७९ फागुन १० गते विहान १०:०० बजे । |
| १४) नवौं सूची उपर दावि विरोध | २०७९ फागुन १० गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १५) संशोधित नवौं सूची प्रकाशन | २०७९ फागुन १० गते अपरान्ह ५:०० बजे । |
| १६) नवौं सूचीको भर्ना | २०७९ फागुन ११ गते विहान ११:०० बजदेखि अपरान्ह २:०० बजेसम्म । |
| १७) यस पछिका रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०७९ फागुन १२ गते । |

**द्रष्टब्य :**

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।
- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अध्यक्ष
भर्ना समिति २०७९